# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडा माघ ७ गते ०८ साल

## भाग ४

### खाद्य तथा भूमि-व्यवस्थामन्त्रालयको विज्ञप्ति

यो साल असूल तहसील अैलेसम्म भएको छैन। गाउँ गाउँका भँडुवाहरूले यो साल बाली तिर्न पर्दैन, बाली तिर्‍यौ भने तिमीहरूलाई हरएक झमेला लगाई दुःख दी तिमीहरूको सर्वस्व हिंडाइदिन्छौं, भनी रैती तालुकदारमा उर्दी दिंदै हिंडेका छन्। त्यस कारण त्यसतर्फको कुनै प्रबन्ध भए मात्र हामी बाली तिर्छौं, नत्र हामी-हरूलाई झमेला लगाई दुःख पीर दिने हुनाले बाली तिर्दैनौं भनी रैती तालुकदारले भने भनी प. १ नं. धादिङमालले जाहेर गरेको र हिजोआज एकथरी आफ्ना स्वार्थसिद्धिमा लागेका मानिसहरूले सीधासादा मानिसहरूलाई कूतबाली बुझाउनु-पर्दैन, तिमीहरूकै हुन्छ भनेर बुझाउन लागे गाउँघरबाट निकालिइनेछौ भन्नेसमेत डर धम्कीहरू दिएको इत्यादि खबर आएकोले उक्त कारवाई गर्न छाडेनन् भने सरकारले कडा सजाय दिनसमेत बाध्य हुनेछ भन्ने इत्यादि बेहोराको विज्ञप्ति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

०८ साल पौष २ गतेको गजेटमा प्रकाशित भैसकेको र त्यस्तो सरकारबाट प्रकाश भएको विज्ञप्तिको ख्याल नराखी सो समाजविरोधी काम गरेमा काम गैर कानूनी ठहरिनेछ। उक्त बेहोरा संझाई बुझाई तरतहसील गर्नुहोला भन्ने सो धादिङमाललाई लेखिएको हुनाले सोबमोजिम सबैलाई ज्ञात होस् भनी यो विज्ञप्ति प्रकाश गरिएको छ।

सेक्रेटरी—

खाद्य भूमि व्यवस्थामन्त्रालय.

गोरखापत्रछापाखानाबाट प्रकाशित

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

९२७-B